**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं.४२५**

**पुनरावेदन नं. ०७६-RB-००२३**

**मुद्दाः– आयकर (२०७२/०७३)**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला का.म.न.पा. अनामनगर स्थित रामहंस प्रोपर्टिज लि. (स्थायी लेखा नं. ५०००५७७३१) का तर्फबाट अख्तियार प्राप्त आकाश गोल्छा.............................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| करदाता सेवा कार्यालय, पुतलीसडक काठमाण्डौ................................................१<br>आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाण्डौ................................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- करदाता सेवा कार्यालय, पुतलीसडक, काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री लिला प्रसाद शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७४/०६/०८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- वरिष्ठ विद्वान अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा करदाता सेवा कार्यालय, पुतलीसडक, काठमाण्डौबाट मिति २०७४/०६/०८ मा भएको संशोधित कर निर्धारणको आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा ६० दिनभित्र निर्णय नगरेको भनी विभागलाई जानकारी दिई आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम यस राजस्व न्यायाधिकरणमा पुनरावेदन पर्ने आएको प्रस्तुत मुद्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. करदाता श्री रामहंस प्रोपर्टिज लिमिटेडले आ. व. २०७२/०७३ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू.२९,८६,४३,६३९।२५ देखाई करदाता सेवा कार्यालय, पुतलीसडक, काठमाण्डौमा मिति २०७३।०९।२५ मा विवरण पेश गरेको।

२. आ.ब. २०७२/०७३ को लागि करदाता सेवा कार्यालय, पुतलीसडक, काठमाण्डौबाट पुर्ण कर परिक्षण हुँदा करदाताबाट पेश हुन आएको आय विवरण, संलग्न कागजातहरुको प्रमाण अध्ययन, छानविन गरी सो समेतका आधारमा पेश हुन आएको कर परीक्षण प्रतिवेदनबाट आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्न नपाउने खर्च रकम कर कट्टी गरेको हुँदा सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुंदा सो वमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न स्वीकृत कर परिक्षण प्रतिवेदन बमोजिम आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदाता सेवा कार्यालय, पुतलीसडक, काठमाण्डौबाट करदाताको नाममा मिति २०७४।०६।०६ मा सूचना जारी भएको।

३. करदाता सेवा कार्यालय, पुतलीसडक, काठमाण्डौबाट मिति २०७४।०६।०६ मा जारी भएको सूचना श्री रामहंस प्रोपर्टिज लिमिटेडले मिति २०७४।०६।०६ मा बुझी लिई उक्त सूचनाको लिखित जवाफ करदाताले मिति २०७४।०६।०८ मा पेश गरेको।

४. करदाता सेवा कार्यालय, पुतलीसडक, काठमाण्डौबाट करदाताको आ.ब. २०७२/०७३ को लागि रू.२९,९४,४७,०६९।- करयोग्य आय कायम गर्नु पर्ने भनी मिति २०७४/०६/०८ मा खडा भएको निर्णय पर्चा।

५. करदाता सेवा कार्यालय, पुतलीसडक, काठमाण्डौले मिति २०७४/०६/०८ मा जारी गरेको आ.व. २०७२/०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी श्री

रामहंस प्रोपर्टिज लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०८।१८ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

६. पुनरावेदक करदाता श्री रामहंस प्रोपर्टिज लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०८।१८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (८) बमोजिम ६० दिन भित्र निर्णय गरी सक्नु पर्नेमा नगरेकोले प्रस्तुत पुनरावेदन गरेको छु। करदाताले आयकर ऐन, २०५८ को दफा ९४ बमोजिम बुझाउनुपर्ने करको अनुमानित विवरण पेश गरेको छ। त्यसमा कर कार्यालयबाट कुनै सूचना जारी भएको छैन। यस स्थितिमा करदातालाई दफा ११८ बमोजिम व्याज लाग्ने अवस्था नदेखिदा व्याज समेत लगाएको विपक्षी कार्यालयको निर्णय तथा आदेश त्रुटिपूर्ण रहेको हुँदा बदर गरी पाँउ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७६/०५/०३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा पुनरावेदकले यस न्यायाधिकरणमा पुनरावेदनपत्र दायर गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) (क) बमोजिम विवादित कर रकम रु.३३,८०,२१९।- को पचास प्रतिशतले हुने रु.१६,९०,१०९।५० रकम धरौटी राख्नुपर्नेमा मिसिल संलग्न प्रमाणबाट राखेको नदेखिंदा यो आदेश भएको १५ दिन भित्र धरौटी दाखिला गर्न लगाई लगाउका मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०७।०४ मा भएको आदेश।

८. यसमा करदाताको विवादरहित कर रकम रु.७,४६,६०,९१०।— रहेकोमा सो भन्दा बढी रु.७,५७,२५,२९७।- करदाताले रकम दाखिला गरेको तथा प्रशासकीय पुनरावलोकन गर्दा रु.१०,२६,३११।- समेत धरौटी वापत दाखिल गरेको मिसिलबाट देखिँदा बढी दाखिला गरेको रकम रु.१०,६४,३८७।- र आन्तरिक राजस्व विभागमा मिति २०७४/०८/०८ मा दाखिल गरेको धरौटी रकम रु.१०,२६,३११।- समेत गर्दा करदाताको तर्फबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ (१)(क) बमोजिम राख्नुपर्ने धरौटी रकम भन्दा बढी रकम दाखिला भईसकेको देखिँदा यस न्यायाधिकरणको मिति २०७९।०७।०४ को आदेश बमोजिम करदाताबाट थप धरौटी माग गर्नुपर्ने देखिएन। अब मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०८०।०१।२९ मा भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री रामहंस प्रोपर्टिज लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका बरिष्ठ विद्धान अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान

अधिवक्ता श्री नितेश श्रेष्ठले करदाताको हकमा आयकर ऐन, २०५८ को दफा ११८ बमोजिम व्याज लगाएको हद सम्म शुरु करदाता सेवा कार्यालय, पुतलीसडकबाट भएको संशोधित कर निर्धारण निर्णय पर्चा र सो निर्णय पर्चाका आधारमा जारी भएको आदेश तथा पत्र समेत त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले आ.ब. २०७२/०७३ को हकमा शुरू करदाता सेवा कार्यालय, पुतलीसडकबाट भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, साविक करदाता सेवा कार्यालय, पुतलीसडकबाट करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, करदाताको एकमात्र पुनरावेदन जिकीर आयकर ऐन, २०५८ को दफा ११८ बमोजिम व्याज समेत गणना गरी संशोधित कर निर्धारण गरेको साविक करदाता सेवा कार्यालय पुतलीसडकको मिति २०७४।०६।०८ निर्णय कानून विपरीत रहेकोले बदर हुनुपर्ने भन्ने देखिन्छ। साविक करदाता सेवा कार्यालयबाट मिति २०७४।०६।०६ मा करदातालाई दिएको आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको सूचना र मिति २०७४।०६।०८ मा भएको संशोधित कर निर्धारण आदेशको ठहर खण्डमा दफा ११८ को व्याजको वारेमा कुनै कुरा उल्लेख भएको देखिदैन। संशोधित कर निर्धारण आदेशको तपसिल खण्डमा आयकर ऐन, २०५८ को दफा ११८ बमोजिम लाग्ने व्याज समेत गणना गर्ने भन्ने व्यहोरा लेखिएको पाइयो। सोही अनुरुप करदातालाई मिति २०७४।०६।२६ मा च.नं. ६८१ बाट दिएको संशोधित कर निर्धारण आदेश सम्बन्धी आयकर ऐन, २०५८ को दफा १०२ बमोजिमको सूचनामा दफा ११८ बमोजिम लाग्ने व्याज भनी रु.३०,७८,९३३।— समेत गणना गरिएको तथ्यमा विवाद देखिएन।

१३. करदाताले पुनरावेदन पत्रमा आफूले २०७३ साल असोज मसान्त भित्रै अनुमानित कर बुझाइसकेको हुँदा आ.व. २०७२।७३ को संशोधित कर निर्धारण बमोजिमको कर रकममा ऐनको दफा ११८ को व्याज नलाग्ने हुँदा व्याज गणना गरेको मिलेको छैन भन्ने जिकीर लिएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ११८ मा दफा ९४ बमोजिम दाखिला गर्नुपर्ने किस्ता रकम समयमा नबुझाएमा व्याज लाग्ने व्यवस्था रहेको देखिन आयो। आर्थिक ऐन, २०७३ को दफा २१ मा आपूर्ति व्यवस्थामा पर्न आएको असहज परिस्थितिको कारण

करदाताले बुझाउन नसकेको आय वर्ष २०७१।७२ को आय विवरण र कर, आय वर्ष २०७२।०७३ को अनुमानित आय विवरण र पहिलो किस्ताको कर सम्वत २०७२ साल साउन महिना देखि फागुन महिना सम्मको अग्रिम कर कट्टीको विवरण र कर, मूल्य अभिवृद्धि कर विवरण र कर, अन्तशुल्क विवरण र अन्तशुल्क, स्वास्थ सेवा कर, शिक्षा सेवा शुल्क र चलचित्र विकास शुल्कको विवरण तथा शुल्क सम्वत २०७३ साल असोज मसान्त भित्र दाखिला गरेमा व्याज, थप दस्तुर, शुल्क तथा विलम्ब दस्तुर लाग्ने छैन भन्ने कानूनी व्यवस्था रहेको पाइयो। करदाताले आ.व. २०७२।०७३ को अनुमानित करको विवरण आयकर ऐन, २०५८ को दफा ९५ बमोजिम २०७३ असोज मसान्त भित्रै बुझाएको भएमा आर्थिक ऐन, २०७३ को दफा २१ बमोजिम आ.व. २०७२।०७३ को संशोधित कर निर्धारणबाट कायम भएको कर रकममा आयकर ऐनको दफा ११८ ले लाग्ने व्याज रकम छुट पाउने देखिन आयो। करदाताले आ.व. २०७२।७३ को अनुमानित कर विवरण आयकर ऐनको दफा ९५ बमोजिम पेश गरे वा नगरेको, उक्त विवरण पेश गरेको भए सो सम्बन्धमा विभागले करदातालाई दफा ९५ को उपदफा (७) बमोजिम कुनै लिखित सूचना दिए वा नदिएको र करदाताले आर्थिक ऐन, २०७३ को दफा २१ बमोजिम व्याज छुट पाउने वा नपाउने के हो भन्ने सम्बन्धमा साविक करदाता सेवा कार्यालय पुतलीसडकको मिति २०७४।०५।०८ को निर्णयमा कुनै आधार र कारण खुलाएको देखिन आउदैन। त्यस्तो आधार र कारण नखुलाई तपसिल खण्डमा गोश्वारा रुपमा आयकर ऐन, २०५८ को दफा ११८ बमोजिमको व्याज समेत गणना गर्नु भनी भएको निर्णयलाई न्यायोचित निर्णय मान्न नमिलेकोले व्याजको हकमा शुरु निर्णय बदर हुने देखियो। अब आर्थिक ऐन, २०७३ को दफा २१ र आयकर ऐन, २०५८ को दफा ९५(७) को रोहमा यी करदातालाई आयकर ऐन, २०५८ को दफा ११८ को व्याज लाग्ने वा नलाग्ने के हो भन्ने सम्बन्धमा स्पष्ट आधार र कारण सहित पुनः निर्णय गर्न फाइल शुरु कार्यालयमा पठाउन उपयुक्त हुने देखिन आयो।

१४. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री रामहंस प्रोपर्टिज लि. (स्थायी लेखा न. ५०००५७७३१) को आ.ब. २०७२।०७३ को आय विवरणको हकमा आर्थिक ऐन, २०७३ को दफा २१ र आयकर ऐन, २०५८ को दफा ९५ को उपदफा (७) को कानूनी व्यवस्थाको रोहमा दफा ११८ बमोजिम ब्याज लाग्नुपर्ने आधार र कारण शूरु निर्णयमा खुलाएको नदेखिँदा साविक करदाता सेवा कार्यालय, पुतलीसडकबाट मिति २०७४।०६।०८ मा भएको निर्णयलाई न्यायोचित मान्न नमिलेको हुँदा बदर गरिदिएको छ। अब आधार र कारणसहित दफा ११८ को ब्याज करदाताले बुझाउनु पर्ने वा नपर्ने

सम्बन्धमा पुनः निर्णय गर्नु भनी फाइल हालको आन्तरिक राजस्व कार्यालय, पुतलीसडक पठाईदिनु। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसील खण्ड**

१. माथि ठहर खण्डमा लेखिए बमोजिम आधार र कारण सहित आयकर ऐन, २०५८ को दफा ११८ बमोजिमको व्याज लाग्ने वा नलाग्ने सम्बन्धमा पुनः निर्णय गर्नुपर्ने ठहरेकोले सोही वमोजिम पुनः निर्णय गर्नु भनी यो फैसला सहितको फाइल साविक करदाता सेवा कार्यालय पुतलीसडक हाल आन्तरिक राजस्व कार्यालय पुतलीसडक पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।

३. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. यस मुद्दाको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
कम्प्युटर टाइपः- अशोक विश्वकर्मा
इतिसम्बत २०८० साल जेष्ठ २२ गते रोज २ शुभम............................
प्रमाणिकरण मितिः-
फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौंको छाप